# स्थानीय राजपत्र

**केरावारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ६, संख्या १६, ३१ असोज २०७९**


## भाग-२

# केराबारी गाउँपालिकाको नगर प्रहरी सेवा गठन तथा सञ्चालन कार्यविधि, २०७९

स्वीकृत मितिः२०७९।०६।२७

प्रमाणिकरण र राजपत्रमा प्रकाशित मितिः२०७९।०६।३१

**प्रस्तावना** : नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगर प्रहरी सेवाको

गठन तथा सञ्चालन गर्न वाञ्छनिय भएकोले केराबारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा (४) बमोजिम

केराबारी गाउँपालिका गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :-(१) यो ऐनको नाम "**केराबारी गाउँपालिकाको नगर प्रहरी सेवा गठन तथा सञ्चालन कार्यविधि, २०७९**" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"ऐन"** भन्नाले **स्थानीय सरकार सञ्चालन ऐन २०७४** सम्झनु पर्दछ ।

ख) **"गाउँपालिका"** भन्नाले केराबारी गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "**कार्यपालिका"** भन्नाले केराबारी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(घ) **"सभा"** भन्नाले केराबारी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ङ) "**अध्यक्ष"** भन्नाले केराबारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले केराबारी गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) **"नगर प्रहरी"** भन्नाले यस ऐन बमोजिम केराबारी गाउँ कार्यपालिकाको कार्यालयबाट नियुक्त नगर प्रहरी अधिकृत र सहायक नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ज) **"नगर प्रहरी प्रमुख"** भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी अधिकृत सम्झनु पर्दछ

(झ) **"सेवा करार"** भन्नाले यस ऐन बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

(ट) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि बमोजिमको नियम वा गाउँसभा वा गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन सम्बन्धी व्यवस्था

**३. नगर प्रहरी सेवाको गठन** :- (१) गाउँपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा नगर प्रहरीहरुको दफा ४ को (१) वमोजिमको पद रहने गरी कुल दरवन्दी संख्या -६ हुनेछ ।
(२) उपदफा १ वमोजिम दरवन्दी कायम गर्दा केराबारी गाउँपालिकामा हाल सुरक्षा गार्डको पदमा सेवा करारमा कार्यरतलाई यसै कार्यविधिवाट केराबारी गाउँपालिकाको नगर प्रहरी सेवामा समायोजन गरिनेछ । यसरी समायोजन गर्दा कार्यपालिकाको निर्णयवाट कायम भएको दर्जा प्रदान गरिनेछ ।
**४. नगर प्रहरीमा रहने पदहरु** :-(१) नगर प्रहरी सेवामा दरवन्दी र पदहरु देहाय वमोजिमका रहनेछ-

(क) नगर प्रहरी हवल्दार-१

(ख) नगर प्रहरी जवान-५

(२) गाउँ कार्यपालिकाले प्रत्येक पदको कार्य विवरण बनाई लागु गर्न सक्नेछ र त्यसरी लागु भएको कार्य विवरणमा नगर प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

## परिच्छेद्र ३
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार**: (१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।

(१) गाउँपालिकाको नीति कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ।

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(३) स्थानीय स्तरमा हुने सभा समारोह परम्परा तथा चाडँवाँडमा आवश्यक सुरक्षाको व्यवस्था गर्ने ।

(४) स्थानीय बजार तथा पार्क स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(५) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयनमा सहयोग गर्ने र सुरक्षा गर्ने ।

(६) सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन, स्थलको व्यवस्थापन र विपतजन्य घटनामा खोजी उद्धार गर्ने ।

(७) अनधिकृत विज्ञान तथा होडिङवोर्ड नियन्त्रण ।

(८) छाडा पशु चोपाया नियन्त्रण ।

९) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(१०) सार्वजनिक आवागमनमा अवरोध पुर्याउने गरी बजार क्षेत्रमा राखिएका सामग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने ।

(११) सार्वजनिक जग्गा, वाटो, पुल पुलेसा, मठ, मन्दिर, ढल, नाला, पाटी/पौवा, पोखरी, चौतारी, खोला/नाला मिचि घर कम्पाउण्ड टहरा वा त्यस्तो निर्माण कार्य गरेको सम्वन्धमा गाउँ कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(१२) गाउँपालिका क्षेत्रमा अनियमित रुपमा नक्सा पास नगरी वनाएका संरचनाहरु र नक्सा पास भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने ।

(१३) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामग्रीहरुको विक्रि

|वितरण गरेको पाईएमा त्यसको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(१४) जनस्वास्थ्यलाई प्रतिकूल असर पर्ने स्थानमा पशुपन्छीजन्य वस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र प्रचलित कानूनको प्रतिकूल हुने गरी पशुपन्छीको वद गरेमा तत्काल कारवाहीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(१५) गाउँपालिका क्षेत्रभित्र रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका जीव व्यवस्थापन गर्ने ।

(१६) गाउँपालिका क्षेत्रभित्र रहेका खतरा अवस्थामा रहेका घर, पसल, टहरा र रुख विरुवा कटान गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(१७) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति विरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

(१८) कार्यपालिकाको कार्यालयमा दर्ता नभई सन्चालनमा रहेका व्यापार व्यवसायको दर्ता तथा नवीकरण गरे, नगरेको अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने

(१९) गाउँपालिकाभित्र प्रचलित कानुन वा गाउँपालिकाको अनुमति विना राखिएका व्यानर, विज्ञापन, होडिङ बोर्ड, पोस्टर लेखन लगायतका सामग्री हटाउने ।

(२०) कार्यपालिकाको कार्यालयको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगाएतमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

(२१) गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग, व्यापार तथा व्यवसायीहरुले प्रचलित कानुन बमोजिम मूल्यसूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(२२) गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका होटल, रेष्टुरेण्ट गेष्ट हाउस, पार्लर लगायतका व्यवसाय प्रचलित कानुनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानुन विपरित संञ्चालनमा रहेको पाईए कारवाहिको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(२३) गाउँपालिकाभित्र रहेका सार्वजनिक तथा नीजि स्थानना जुवा, तास खेल्ने र मदिराजन्य पदार्थको विक्रि वितरणमा गाउँ कार्यपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन कार्यमा सहयोग गर्ने ।

२४) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा वाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण कार्यलाई नियन्त्रण गर्ने ।

(२५) गाउँ कार्यपालिकाको कार्यालय मातहत योजना, कार्यक्रम अन्तर्गत तोकिए वमोजिमका कार्यहरु गर्ने गराउने ।

(२८) गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(२९) प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन वमोजिमको सम्पूर्ण कार्यहरु गर्ने ।

(२) नगर प्रहरीको कार्य विवरण तयार गर्दा दफा ५ को उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ । प्रत्येक पदको कार्यविवरण नबनेसम्म उल्लेखित दफा ५ को उपदफा १ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई कार्यविवरणको रूपमा जानकारी गरिनेछ ।

## परिच्छेद ४

## दरबन्दी सिर्जना र पदपूर्ति सम्बन्धी व्यवस्था

**६. थप दरवन्दी सिर्जना** :- (१) गाउँ कार्यपालिकाको कार्यालयमा रहने नगर प्रहरीको दरबन्दी यस कार्यविधिको दफा ३ र ४ वमोजिम भन्दा थप सिर्जना गर्नुपर्ने भएमा गाउँसभाको निर्णय वमोजिम हुनेछ ।

**७. पदपूर्ति समिति :-** (१) नगर प्रहरी सेवामा कर्मचारी नियुक्ति सम्वन्धि व्यवस्था केराबारी गाउँपालिकाको करारमा कर्मचारी नियुक्ति सम्वन्धि प्रचलित कानुन वमोजिम हुनेछ ।

(२) नगर प्रहरीको पदपूर्तिमा गाउँपालिका भित्रको स्थानीय प्रहरी कार्यालयको प्रमुखलाई विषय विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**८. उम्मेदवारको योग्यता** :- (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता देहाय वमोजिम हुनेछ ।

(क) दरखास्तको मितिमा २१ पर्ष पुरा भई ४५ वर्ष ननाघेको

उल्लेखित उमेद्वारमध्ये नेपाल सरकारको सुरक्षा निकायको संगठनवाट सेवा निवृत प्रहरी कर्मचारी र निर्वाचन प्रयोजनका लागि म्यादी प्रहरीको जिम्मेवारीमा खटाइएका व्यक्तिलाई क्रमशः पहिलो र दोश्रो प्राथमिकतामा राखि नियुक्ति तथा सिफारिस गर्न सकिनेछ ।

(ख) सहायक निरिक्षक पदको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उतिर्ण, प्रहरी हवल्दार र जवान पदको लागि एस. एल. सी. वा सो सरह उतिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनितिक दलको सदस्य नरहेको ।

(ङ) प्रचलित कानुन बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

(च) महिलाहरुको लागि कम्तिमा पाँच फिट र पुरुषको लागि कम्तीमा पाँच फिट तीन इन्च

उचाई भएको ।

(छ) पुरुष उम्मेदवारको छाती नफुलाउदा घटीमा कम्तिमा एकतिस ईन्च भएको ।

(ज) उम्मेदवारको आँखा -२ वा + २ भन्दा वढी कमजोर नभएको ।

(झ) नेपाली नागरिकताको प्रमाणपत्र भएको ।

(ञ) स्वीकृत चिकित्सकवाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ट) महिला उम्मेदवारको तौल कम्तिमा ४८ कि.ग्रा. र पुरुष उम्मेदवारको तौल कम्तिमा ५२ कि.ग्रा. भएको ।

२) उपदफा (१) को (ज) सम्वन्धमा उम्मेद्वारको आँखा -२ वा + २ भन्दा वढी कमजोर नभएको, स्वीकृत चिकित्सक वा गाउँपालिकाको स्वास्थ्य सेवामा कार्यरत चिकित्सकवाट प्रमाणित निरोगिताको प्रमाण पत्र प्राप्त पेश गरेको ।

**९.योग्यताक्रम सूची र नियुक्ति सम्बन्धी व्यवस्था** :- केराबारी गाउँपालिकाको करारमा पदपूर्ती गर्ने सम्वन्धिको प्रचलित कानुन वमोजिम नगरप्रहरी पदपूर्ती गरिनेछ ।

**१०. नियुक्ति गर्ने अधिकारी :-** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगरप्रहरीको नियुक्ति गर्नु पर्नेछ । नगर प्रहरी प्रमुखको जिम्मेवारी प्रमुख प्रशासीय अधिकृतले तोकेको नगर प्रहरी कर्मचारीको हुनेछ।

**११. प्रशासनको नियन्त्रणमा रहने :-** (१) नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र केराबारी गाउँपालिकाको प्रशासन शाखाको कामकाज गर्ने जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरीको अनुशासन र खटनपटन सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृतसंगको समन्वय/निर्देशनमा नगर प्रहरी प्रमुखले गर्नेछन ।

## परिच्छेद-५
## आचरण सम्बन्धी व्यवस्था

**१२. नगर प्रहरीको आचरण**: नगर प्रहरीहरुले देहाय बमोजिम आचरण पालना गर्नुपर्नेछ :-

(१) नगर प्रहरी नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र विदा स्वीकृत नलिई काममा अनुपस्थित हुन नहुने ।

(२) आफू भन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने र उचित आदर देखाउनु पर्नेछ ।

(३) कुनै पनि नगर प्रहरीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने उद्देश्यले अन्य कुनै राजनितिक वा अवाञ्छनिय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन । निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्ने छैन ।

(४) कुनै नगर प्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनधिकृत व्यक्ति वा निकाय वा प्रेसलाई उपलब्ध गराउनु हुँदैन र गाउँपालिकालाई खलल पुग्ने गरी वा गाउँपालिकाको विरुद्ध कुनै भाषण, सवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन । तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(५) नगर प्रहरीले कसैलाई पनि यातना दिनु हुदैन ।

(६) नगर प्रहरीले आफ्नो कामसंग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(७) आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरीले आफ्नो सेवा पद अनुसारको आचरण पालन गर्नुपर्नेछ ।

## परिच्छेद-६

## विविध

**१३. पारिश्रमिक तथा सेवा सुविधाः-** नेपाल सरकारले नेपाल प्रहरीको सम्वन्धित पदका लागि स्वीकृत गरेको तलवमानको सुरु तलव स्केलभन्दा नवढ्ने गरि मासिक तलव सुविधा सेवा करार सम्झौतामा उल्लेख गरि उपलव्ध गराउनुपर्नेछ । अन्य सुविधा कार्यालयवाट निर्णय भए वमोजिम हुनेछ ।

**१४. गाउँपालिकाको अधिनमा रहने** :- नगर प्रहरीहरु चौविस घण्टा गाउँ कार्यपालिकाको कार्यालयको अधिनमा रहनेछन् र जुनसुकै समयमा पनि कामकाजमा लगाउन सकिनेछ ।

**१४. ऐनमा संशोधन गर्न सक्नेः** कार्यपालिकाको वैठकले यो कार्यविधि संसोधन थपघट तथा परिमार्जन गर्न सक्नेछ ।

**१५. अमान्य हुनेः** यो कार्यविधि नेपालको संविधान, प्रदेश कानुन, स्थानीय सरकार संञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित ऐन कानुनका दफाहरुसँग बाँझिएको हदमा स्वतः अमान्य हुनेछ ।

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत